# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, मार्ग २९ गते २०२७ साल [ संख्या ३४

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको
### सूचना

नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश, २०२७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश, २०२७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः– (१) नेपाल व्यापार प्रवर्द्धन समिति (यसपछि "समिति" भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) सचिव, उद्योग वाणिज्य मन्त्रालय– – – अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय वा प्रतिनिधि– – – सदस्य



6060

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) महाप्रबन्धक, नेशनल ट्रेडिंग लिमिटेड– – – सदस्य
(घ) श्री ५ को सरकारले मनोनयन गरेको व्यापारी वा विशेषज्ञ– सदस्य
(ङ) निर्देशक, व्यापार प्रवर्द्धन केन्द्र– – – – सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) समितिले व्यापार प्रवर्द्धन विशेषज्ञहरूलाई समितिको बैठकमा सल्लाहकारको रूपमा आमन्त्रीत गर्न सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः– (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) स्वदेशको निकासी योग्य वस्तुको विस्तृत अध्ययन तथा सर्भेक्षण गरी निकासी बृद्धि गर्न कारवाई गर्ने,

(ख) निकासी योग्य वस्तुलाई अन्तरराष्ट्रिय बजारमा बढी सक्षम तथा सफल तुल्याउन त्यस्ता वस्तुको उत्पादनमा बृद्धि लागत मूल्यमा कमी, गुणमा सुधार र एक रूपता ल्याउने कार्यहरूमा आवश्यक अध्ययन वा कारवाई गर्ने र निकासी व्यवसायलाई सुव्यवस्थित वा सुसंगठित गर्ने,

(ग) नेपाल अधिराज्यभित्र वैदेशिक व्यापारको लागि चाहिने आधारभूत आवश्यकताहरूको श्रृजना तथा विकास गर्ने,

(घ) देश विदेशका पैठारीसम्बन्धी विभिन्न प्रचलित ऐन, नियमहरू व्यवस्था र भंसार दरहरू अध्ययन गर्ने र स्वदेशी वस्तुको निकासीमा पर्ने पारवहनसम्बन्धी वा अन्य प्रकारको अबरोध हटाउने,

(ङ) अन्तरराष्ट्रिय बजारमा बिक्री-योग्य स्वदेशी वस्तुको वस्तुगत वा देशगत बजारहरू अध्ययन गर्ने र निकासी प्रवर्द्धनसम्बन्धी कारवाई गर्ने,

(च) प्रचलित कानूनबमोजिम निकासी व्यवसायमा लागेका वा लाग्न चाहनेहरूलाई नेपाल अधिराज्यको वैदेशिक व्यापारसम्बन्धी नीति नियमहरू, तथा स्वदेशी वस्तुहरू वा विदेशी बजारसम्बन्धी आवश्यक जानकारी उपलब्ध गराई निकासी कार्यमा सक्रिय गराउने,

(छ) स्वदेशी वस्तुको निकासी बृद्धिको लागि सहायक हुने अन्तरराष्ट्रिय प्रदर्शनीसम्बन्धी जानकारी स्वदेशी व्यापारीलाई जानकारी गराउने र अन्य अन्तरराष्ट्रिय माध्यमको उपयोगिता बारे खोज वा अध्ययन गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) वैदेशिक व्यापारसम्बन्धी कारोवार सम्पन्न गर्न प्रचलित कानून-बमोजिम निकासी व्यवसायमा लागेका वा लाग्न चाहनेलाई आवश्यक परामर्श वा सेवा प्रदान गर्ने ,

(झ) निकासी व्यवसायलाई आकर्षक बनाउने स्वदेशी वस्तुको निकासी वृद्धि गर्नको निमित्त मुख्य स्थिरता, विशेष सुविधा वा छुट् आदि जो चाहिने आवश्यक कुराहरूको अध्ययन र लेखाजोखा गरी त्यसको कार्यान्वयनको लागि समय समयमा श्री ५ को सरकारसमक्ष सुझाव दिने ,

(ञ) व्यापारिक महत्व भएको अन्तरराष्ट्रिय स्थानहरूमा नेपाल अधिराज्यको व्यापारिक हित सुरक्षित गर्न वा व्यापार प्रवर्द्धन गर्नको लागि आवश्यकतानुसार प्रतिनिधित्व गर्ने वा गराउने ,

(ट) समितितर्फबाट गरिने कुनै कार्य वा कारोवार आंशिक वा पूर्ण रूपमा सम्पन्न गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिई विदेशी एजेन्सी संग सम्झौता गरी परामर्श सेवा, प्राविधिक एवं आर्थिक सहावता तथा ऋण आदि उपलब्ध गर्ने ,

(ठ) समितिको वार्षिक कार्यक्रम र आय–व्ययको अनुमान र पुरक अनुमानलाई पूर्ण रूपले वा हेरफेर गरी स्वीकृति दिने ,

(ड) समितिले व्यापार प्रवर्द्धनसम्बन्धी गरेको काम कारवाईको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ,

(ढ) समितिको सदस्य-सचिवलाई आवश्यक निर्देशन दिने ,

(ण) श्री ५ को सरकारले सूचित आदेशद्वारा व्यापार प्रवर्द्धनको सम्बन्धमा तोकिदिएको अन्य काम कर्तव्य र अधिकार ।

४. अधिकार प्रत्यायोजन गर्न सक्ने:– (१) समितिले आफ्नो केही वा सबै अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. समितिको सचिवको काम, कर्तव्य र अधिकार:– (१) समितिले समय समयमा दिएको निर्देशनको अधीनमा रही समितिबाट स्वीकृत कार्यक्रम संचालन गर्ने र समितिको बैठकको निर्णय कार्यान्वित गर्ने समितिको सचिवको कर्तव्य हुनेछ ।

(२) समितिको सचिवले वार्षिक कार्यक्रम र आय–व्ययको अनुमान र पुरक अनुमान तयार गरी समितिमा पेश गर्नुपर्छ ।

(३) समितिको तर्फबाट गरिने सबै निर्णय, आदेश र अरू सबै काम कारवाई समितिको सचिवले प्रमाणित गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
605

६. समितिसंगको ठेक्का–पट्टाः– (१) समितिको तर्फबाट कुनै ठेक्का–पट्टा गर्नु पर्दा समितिले अधिकार दिएको अधिकृतको सहीछापबाट हुनेछ र त्यसरी गरिएको ठेक्का–पट्टा समितिले गरेको मानिनेछ ।

७. कोषको संचालनः– (१) समितिको कोष समितिको नामबाट नेपाल राष्ट्र बैंक या नेपाल अधिराज्यका कुनै वाणिज्य बैंकमा जम्मा गरी खाता खोलिनेछ ।

(२) समितिको कोषको संचालन समितिको सचिव र लेखापालको संयुक्त सहीछापबाट हुनेछ ।

(३) समितिले आफ्नो आय–व्ययको लेखा श्री ५ को सरकारद्वारा स्वीकृत ढाँचामा राख्नुपर्छ ।

८. लेखापरीक्षणः– (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

९. समितिको कार्यालय र नामः– (१) समितिको मुख्य कार्यालय काठमाडौंमा रहनेछ र सो कार्यालय व्यापार प्रवर्द्धन केन्द्रको नामले प्रचलित हुनेछ ।

आज्ञाले–

पुष्करनाथ पंत

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।